नेपाली इसाई मण्डली (ज्ञानेश्वर चर्च)
NEPALI ISAI MANDALI (GYANESHWOR CHURCH)
२०१४/1957

नेपाली इसाई मण्डली
# सूचनापत्र
मासिक

मंसीर/पौष २०७३ (December 2016) वर्ष २०/अङ्क २३७

## अन्धकारलाई प्रतिस्थापन गर्दै ख्रीष्टमस मनाऔं ।

– एल्डर सिमोन पाठक

धेरै मानिसहरूलाई एकदमै ठूलो र गहिरो खोलाको पारीपट्टि जानुनै परेको छ तर पारी जानको निम्ति पुल छैन, पानीमा चल्ने कुनै साधन पनि छैन, र उनीहरूलाई पौडन पनि आउँदैन । अब उनीहरू कसरी बिना जोखिम पारीपट्टि जान सक्छन् ? मानिसहरूको आत्मा स्वर्ग जानको निम्ति यस्तै अप्ठचारो अवस्थामा परेको समयमा परमेश्वरले स्वर्ग जानको निम्ति पुलको निर्माण गरिदिनुभयो, त्यो पुल प्रभु येशू ख्रीष्ट हुनुहुन्छ । उहाँ पृथ्वीमा मानव भई जन्मनुभएको दिनलाई ख्रीष्टमस भनी  सारा विश्वमा मनाइन्छ ।

प्रभु येशू ख्रीष्टको जन्म, मृत्यु र पुनरूत्थानको कारण मानिस जातिलाई स्वर्ग प्रवेश गर्न सम्भव भएको छ । इतिहासमा कुनैपनि मानिस स्वर्गबाट पृथ्वीमा आएर फेरि स्वर्गमा नै चढिगएको छैन, यदि कोही छ भने त्यो व्यक्ति प्रभु येशू ख्रीष्ट मात्र हुनुहुन्छ । जतिले उहाँलाई आफ्नो हृदयमा प्रभु र मुक्तिदाता भनी ग्रहण गर्छन् र उहाँको शिक्षाअनुसार जीवन जिउँछन् । तिनीहरूको निम्ति मानव चोलापछिको घर स्वर्ग हुन्छ । येशू ख्रीष्टद्वारा मानिसको स्वर्गको परमेश्वरसँग मिलाप हुन्छ । उहाँले पृथ्वीमा भएको मानिसलाई स्वर्गमा जानको निम्ति पुलको जस्तै काम गरिसक्नुभएको छ । उहाँमाथि विश्वास गर्नेहरू कोही पनि नष्ट हुनेछैन । परमेश्वरको प्रेम मानव जातिप्रति कति धेरै छ सो कुरा बाइबलमा यसरी व्यक्त गरिएको छ, "किनभने परमेश्वरले संसारलाई यस्तो प्रेम गर्नुभयो, कि उहाँले आफ्ना एकमात्र पुत्र दिनुभयो, ताकि उहाँमाथि विश्वास गर्ने कोही पनि नाश नहोस्, तर त्यसले अनन्त जीवन पाओस् ।"

**डिसेम्बर २५ तारिखमा ख्रीष्टमस मनाउनुको कारण छः**

प्राचीन संस्कृतिमा मौसम परिवर्तनको उत्सव धुमधामसँग मनाउने गरिन्थ्यो । रोममा हिउँदको समयमा सूर्य दक्षिणतर्फ हुने र डिसेम्बर २५ बाट जाडो कम हुँदै जाने र दिन लामो हुँदै जाने हुनाले डिसेम्बर महिनामा मानिसहरू खुशी मनाउने, उपहार आदानप्रदान गर्दै उत्सव मनाउने गर्दथे । विशेष गरी यो पर्व डिसेम्बर १७ बाट शुरू हुन्थ्यो र डिसेम्बर २५ मा समाप्त हुने गर्दथ्यो ।

प्राचीन समयका मानिसहरूले देवी देवताहरूको जन्मदिन मनाउने गर्दथे । उनीहरूले विशेष गरी सूर्य देवता फ्रिगियाको जन्म दिन धुमधामसँग मनाउने गर्दथे साथै रोमी सम्राटको जन्मदिन पनि रोमी साम्राज्यभरिनै मुक्तिदाता र प्रभु भनी मनाउने चलन थियो तर चौथो शताब्दीमा आइपुग्दा सुसमाचारको कारण धेरै मानिसहरूले येशू नै प्रभु र मुक्तिदाता भनी आराधना गर्ने क्रम बढ्दै गएको थियो । अब उनीहरूले देवी देवताको जन्मदिन होइन संसारका मुक्तिदाता येशूको जन्मदिन धुमधामसँग मनाउन थाले । उनीहरूलाई सूर्य देवता फ्रिगियाको जन्मदिनको कुनै अर्थ रहेन । कारण येशू धार्मिकताको सूर्य हुनुहुन्छ (मलाकी ४:२) ।

यसरी रोमी ख्रीष्टियानहरूले विभिन्न चाड पर्वहरूलाई प्रतिस्थापन गर्दै डिसेम्बर २५ मा ख्रीष्टमस मनाउन शुरू गरेको इतिहास पाइन्छ । डिसेम्बर २५ मा ख्रीष्टमस मनाउन शुरू गरेको कुरा ई.सं. ३५४ मा तयार गरिएको रोमन विशपहरूको पुरानो संग्रहको सूचीमा ई.सं. ३३६ को डिसेम्बर २५ मा ख्रीष्टमस मनाएको कुरा उल्लेख गरिएको छ । धार्मिकताको सूर्य येशूलाई चिनिसकेपछि मानिसहरूले उहाँको जन्मदिन डिसेम्बर २५ मा मनाउन थाल्नुचाहिँ उज्यालोले अँध्यारोलाई प्रतिस्थापन गर्नुजस्तै नै थियो । नेपालका मण्डलीहरूको निम्ति यो एउटा चुनौति र आशाको सन्देश पनि हो । नेपालका मानिसहरूले पनि संसारको ज्योति येशूलाई चिन्न सके भने यस देशमा रहेको आध्यात्मिक अँध्यारो हटेर जानेछ र ख्रीष्टमसको यथार्थता बढ्दै जानेछ ।

कति मानिसहरूले डिसेम्बर २५ मा ख्रीष्टमस मनाएको कुरालाई लिएर टिप्पणी गर्ने गर्छन् तर हामीले जान्नुपर्ने मुख्य कुराचाहिँ येशू ख्रीष्टको जन्मको समयअवधिभन्दा पनि येशू किन मानव बनेर जन्मनुभयो सो बुझ्नु र ख्रीष्टमसको वास्तविकता बुझेर ख्रीष्टमस मनाउनुचाहिँ महत्वपूर्ण हो । रोमी ख्रीष्टियानहरूले अन्य चाडपर्वहरूलाई ख्रीष्टमसमा प्रतिस्थापन गर्न सफल भएको जस्तै हामीले पनि हरेक वर्षको ख्रीष्टमसको उत्सवसँगै अन्धकारमा भएका मानिसहरूलाई ख्रीष्टको ज्योतिमा प्रतिस्थापन गर्न सफल हुनु जरूरी छ । यो उद्देश्यका साथ ख्रीष्टमस मनाउनुचाहिँ ख्रीष्टमसको यथार्थलाई झल्काउनु हो ।

**बाइबलमा मनाइएको ख्रीष्टमस**

**स्वर्गदूतहरूको ख्रीष्टमसः** पृथ्वीमा सबैभन्दा पहिले क्यारोल गाउँदै ख्रीष्टमस मनाउने स्वर्गदूतहरू नै थिए । येशू जन्मनुभएको दिनमा स्वर्गदूतको एउटा ठूलो दलले यसरी ख्रीष्टमसको उत्सव मनाएका थिए "तब एक्कासि ती स्वर्गदूतसँग स्वर्गीय सेनाको एउटा दल देखा पर्‍यो । परमेश्वरको स्तुति गर्दै, तिनीहरूले भने, सर्वोच्चमा परमेश्वरलाई महिमा, र पृथ्वीमा जुन मानिसहरूसँग उहाँ प्रसन्न हुनुहुन्छ, तिनीहरूलाई शान्ति !" (लूका २:१३-१४) । स्वर्गदूतहरूले परमेश्वरको महिमा र मानिसहरूलाई शान्तिको सन्देश छर्दै ख्रीष्टमस मनाएका थिए ।

**भेडा गोठालाहरूको ख्रीष्टमसः** स्वर्गदूतहरूले ख्रीष्टमसको उत्सव मनाइसकेपछि भेडा गोठालाहरूले पनि ख्रीष्टमस मनाएका थिए । "जस्तो तिनीहरूलाई भनिएको थियो त्यस्तै सबै कुरा सुनेका र देखेका हुनाले, परमेश्वरको महिमा र स्तुति गर्दै गोठालाहरू फर्के" (लूका २:२०) । भेडा गोठालाहरूले आनन्दका साथ परमेश्वरको महिमा र स्तुति गर्दै ख्रीष्टमस मनाएका थिए ।

| शनिबार आराधना सेवामा वचनको सेवकाई गर्नुहुनेहरूको नामावली | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| **मिति** | **ज्ञानेश्वर** | **नगरकोट** | **सिर्जनानगर** | **ललितपुर** | **पनौती** | **गुरुजुधारा** | **भैंसेपाटी** |
| मंसीर २५<br>December 10 | श्री<br>लेख नाथ पौडेल | डीकनेस्<br>रश्मिला तामाङ्ग | एल्डर<br>जेम्स राई | एल्डर<br>श्यारोन रोंगोंग | पाष्टर<br>दफ्तन सादा | श्री<br>समिर तामाङ्ग | पाष्टर<br>रोल्याण्ड रोंगोंग |
| पौष २<br>December 17 | एल्डर<br>सिमोन पाठक | श्री<br>सिद्धि खालिङ | पाष्टर<br>अशोक मुखिया | एल्डर<br>सीता गुरूङ्ग | एल्डर<br>श्रीलक्ष्मी सैंजु | एल्डर<br>घन श्याम दाहाल | एल्डर<br>जनक लाल श्रेष्ठ |
| पौष ९<br>December 24 | एल्डर<br>शुईङ्ग कार्थक | एल्डर<br>मान बहादुर मगर | डीकन<br>बाग मान तामाङ्ग | पाष्टर<br>रोबर्ट कार्थक | डीकन<br>सिमोन भण्डारी | एल्डर<br>नवराज के.सी. | एल्डर<br>घन श्याम दाहाल |
| पौष १०<br>December 25 | **खीष्ट जन्मोत्सव कार्यक्रम-आ-आफ्नो चर्चमा बिहान ११:०० बजे** | | | | | | |
| पौष १६<br>December 31 | एल्डर<br>अर्जुन ढकाल | श्री<br>सरुष मान तामाङ्ग | एल्डर<br>रत्न मान महर्जन | एल्डर<br>घन श्याम दाहाल | एल्डर<br>रूबेन श्रेष्ठ | श्री<br>सैदिप तामाङ्ग | एल्डर<br>गोपाल शर्मा |
| पौष २३<br>January 7 | पाष्टर<br>सामुएल कार्थक | संयुक्त सेवा<br>ज्ञानेश्वर चर्च | संयुक्त सेवा<br>ज्ञानेश्वर चर्च | पाष्टरराजेन्द्र रोंगोंग<br>पाष्टर बि.बि. खवास | श्रीमती<br>गंगा श्रेष्ठ | पाष्टर<br>रोल्याण्ड रोंगोंग | एल्डर<br>शरण राई |

**ज्ञानी मानिसहरूको खीष्टमस:** पूर्वका ज्ञानी मानिसहरूले खीष्टमस यसरी मनाएका थिए, "हेरोद राजाको समयमा यहूदियाको बेथलेहममा जब येशूको जन्म भयो, पूर्वका ज्योतिषीहरू यरूशलेममा आइपुगे र तिनीहरूले भने, यहूदीहरूका राजा भइ जन्मने कहाँ हुनुहुन्छ ? किनभने हामीले उहाँको तारा पूर्वमा देख्यौं र उहाँलाई दण्डवत् गर्न आएका छौं। ...तब राजाको कुरा सुनेर तिनीहरू आफ्ना बाटो लागे। जुन तारा तिनीहरूले पूर्वमा देखेथे, त्यो तारा तिनीहरूका अगिअगि गयो, र बालक भएको ठाउँमा पुगेपछि त्यो तारा त्यहीँ अड़ियो। जब तिनीहरूले त्यो तारा देखे, तब तिनीहरू अति आनन्दित भएर रमाए। अनि घरभित्र पसेर तिनीहरूले बालकलाई उहाँकी आमा मरियमको साथमा देखे, र घोप्टो परेर उहाँलाई दण्डवत् गरे। तब आफ्ना कन्तुर खोलेर उहाँलाई सुन, सुगन्धित धूप र मूर्रका भेटी चढ़ाए" (मत्ती २:१-२, ९-११)। ज्ञानी मानिसहरूले बहुमूल्य थोकहरू प्रभुको चरणमा अर्पण गर्दै खीष्टमस मनाएका थिए। हामी कसरी खीष्टमस मनाउँदैछौ ? खानु, लाउनु, रमाइलो गर्नु सामाजिक परम्परा मात्र हो। मानिस सामाजिक प्राणी भएको कारण यो गर्नु कुनै गलत होइन। तर मिठो खानु, राम्रो लगाउनु र रमाइलो गर्नु मात्र खीष्टमस हो भनी विचार गर्नुचाहिँ खीष्टमसको वास्तविकतालाई भुल्नु हो। स्वर्गदूतहरूले, गोठालाहरूले, ज्ञानी मानिसहरूले र शुरूका मण्डलीका खीष्टियानहरूले मनाएको खीष्टमसको यथार्थलाई बुझेर खीष्टमस मनाउने कि सामाजिक परम्पराको खीष्टमसमै सीमित हुने ?

## हार्दिक शुभकामना

प्रभु येशू खीष्टको जन्मोत्सव (खीष्टमस) तथा नव वर्ष सन् २०१७ को सुखद् अवसरमा नेइम अन्तर्गतका सम्पूर्ण मण्डली परिवारहरू, शाखा तथा आवद्ध मण्डलीहरू, देश विदेशमा हुनुभएका सम्पूर्ण मण्डली परिवारहरू साथै सम्पूर्ण देशवासीहरूमा प्रेम, मेलमिलाप, एकता र शान्तिको लागि प्रार्थना तथा शुभकामना व्यक्त गर्दछौं।

## डिसेम्बर महिनाको कार्यक्रम

मंसीर १९ गते/डिसेम्बर ४ तारिख आइतबार बिहान १० बजे **नेइम कार्यकारिणीको बैठका** नेइम गोंगबूँ चर्चमा।

मंसीर २८ गते/डिसेम्बर १३ तारिख मंगलबार बिहान ९:००-४:०० बजे **नेइमका नव दम्पत्तिहरू अर्थात् वि.सं २०७० सालदेखि हालसम्म विवाह गरेकाहरूको निम्ति नेइम दम्पत्ति सेमिनार** ज्ञानेश्वर चर्चमा।

पौष १ गते/डिसेम्बर १६ तारिख शुक्रबार बिहान १० बजे **महिला उपवास प्रार्थना** आ-आफ्नो चर्चमा।

पौष ३ गते/डिसेम्बर १८ तारिख आइतबार बिहान १० बजे **नेइम परिषद्को बैठक** ज्ञानेश्वर चर्चमा।

पौष १० गते/डिसेम्बर २५ तारिख आइतबार बिहान ११ बजे **खीष्टमस कार्यक्रम** आ-आफ्नो चर्चमा।

पौष १६ गते/डिसेम्बर ३१ तारिख शनिबार राति ९:००-१२:०० बजे **आधा रातको प्रार्थना** आ-आफ्नो ठाउँमा।

## मिशनेरीहरूको लागि प्रार्थना

श्री जेम्स र श्रीमती सेल्भी नेपाली परिवार (मुम्बई), पाष्टर नरेन्द्र र श्रीमती शान्ता सिंह परिवार (कोटद्वार, गढवाल), पाष्टर प्रदीप र श्रीमती फिलोमिना बज्राचार्य परिवार (पुने), पाष्टर लोक र श्रीमती परिना गुरूङ्ग परिवार (सिलगढी, भारत), पाष्टर अब्राहाम र श्रीमती केट श्रेष्ठ परिवार बेलायत, पाष्टर तिमोथी र श्रीमती शान्ता थापा परिवार (बेङ्गलोर, भारत)। उहाँहरूको परिवार, सेवकाइ र मण्डलीको लागि साथै विभिन्न देशहरूमा रहेर मण्डली तथा संगतिहरूमा सहायता पुऱ्याइ राख्नुभएकाहरूको लागि प्रार्थना गरिदिऔं।

| शनिबार आराधना सेवामा वचनको सेवकाई गर्नुहुनेहरूको नामावली | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| **मिति** | **जोरपाटी** | **जहरसिंह पौवा** | **गाम्छा** | **सुन्दरीजल** | **साखु** | **गोंगबु** | **धापासी** | **भंगाल** |
| **मंसीर २५** December 10 | पाष्टर प्रेम श्रेष्ठ | एल्डर जमान घ्लान | एल्डर अष्ट श्रेष्ठ | एल्डर गोपी राई | एल्डर सागर थापा | पाष्टर रोबर्ट कार्थक | संयुक्त सेवा गोंगबूँ चर्च | संयुक्त सेवा गोंगबूँ चर्च |
| **पौष २** December 17 | पाष्टर रोबर्ट कार्थक | संयुक्त सेवा जोरपाटी चर्च | | | | एल्डर पिटर लिम्बू | पाष्टर बर्णबास श्रेष्ठ | श्री कुमार राई |
| **पौष ९** December 24 | एल्डर गोपी राई | पाष्टर प्रेम श्रेष्ठ | एल्डर अष्ट श्रेष्ठ | एल्डर दानिएल सापकोटा | एल्डर सागर थापा | पाष्टर सामुएल कार्थक | एल्डर छोदेन कार्थक | श्री कारजित वोङ्ग |
| **पौष १०** December 25 | **ख्रीष्ट जन्मोत्सव कार्यक्रम-आ-आफ्नो चर्चमा बिहान ११:०० बजे** | | | | | | | |
| **पौष १६** December 31 | एल्डर सागर थापा | एल्डर गोपी राई | श्री कृष्ण श्रेष्ठ | श्री राज गुरूङ्ग | पाष्टर प्रेम श्रेष्ठ | पाष्टर बर्णबास श्रेष्ठ | श्री लेख नाथ पौडेल | श्री डी.बी. राई |
| **पौष २३** January 7 | पाष्टर प्रेम श्रेष्ठ | श्री राज गुरूङ्ग | एल्डर दिनेश न्यौपाने | एल्डर गोपी राई | एल्डर सागर थापा | पाष्टर बर्णबास श्रेष्ठ | एल्डर छोदेन कार्थक | संयुक्त सेवा धापासी चर्च |

# हार्दिक बधाई



मंसीर २ गते/नोभेम्बर १७ तारिख बिहीबार नेइम गोंगबूँ चर्चकी सदस्य सुश्री **सपुनम लिम्बू** र यशुरोन चर्चको सदस्य श्री **विकाश के.सी.**को नेइम गोंगबूँ चर्चमा **पवित्र विवाह** सुसम्पन्न भई वैवाहिक जीवनमा एकसाथ बाँधिनुभएकोमा श्रीमान्/श्रीमती **विकाश र सपुनम के.सी.**लाई मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।



मंसीर ८ गते/नोभेम्बर २३ तारिख बुधबार नेइम गोंगबूँ चर्चकी सदस्य सुश्री **सारा तामाङ्ग** र न्यू भिजन चर्चको सदस्य श्री **रामसिंह तामाङ्ग**को नेइम गोंगबूँ चर्चमा **पवित्र विवाह** सुसम्पन्न भई वैवाहिक जीवनमा एकसाथ बाँधिनुभएकोमा श्रीमान्/श्रीमती **रामसिंह** र **सारा तामाङ्ग**लाई मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं।

# विशेष् प्रार्थना

१. देशको निम्ति निरन्तर प्रार्थना गरौं ।

२. नेइमअन्तर्गतका सबै मण्डलीहरू साथै नेपाल भरिका मण्डलीहरूमा ख्रीष्टमसको सुखद अवसरमा हुने सेवा संगतिको लागि प्रार्थना गरिदिऔं साथै विभिन्न माध्यमद्वारा प्रचार-प्रसार गरिने सुसमाचारीय कार्यक्रमद्वारा धेरै मानिसहरूले ख्रीष्ट येशू प्रभुलाई प्रभु अनि मुक्तिदाता भनी ग्रहण गर्न सकून् ।

३. पौष १० गते/डिसेम्बर २५ तारिख आइतबार हुने ख्रीष्टमस सेवामा वचनको सेवकाइ गर्नुहुने, आराधना झुण्ड, संचालन गर्नुहुने साथै सो दिनको कार्यक्रममा साउण्ड सिस्टम, सुरक्षा, मौसम, टाढा नजीकबाट आउनुहुने मण्डलीका विश्वासीहरू र सबै व्यवस्था मिलाउनेहरूको लागि प्रार्थना गरिदिऔं ।

४. आउँदा दिन र वर्षहरूमा पनि प्रभुको इच्छा र योजना पूरा गर्दै जान देशका सबै मण्डलीहरू साथै ख्रीष्टिय संघ संस्थाहरूको निम्नि पवित्र आत्माको अगुवाइ र निर्देशनको लागि प्रार्थना गरिदिऔं ।

५. नेइमअन्तर्गतका शाखा तथा आवद्ध मण्डलीहरूका सम्पूर्ण गुरुजनहरू साथै सेवक/सेविकाहरू आफ्नो सेवकाइप्रति समर्पित भएर मण्डलीको हेरचाह गर्नलाई पवित्र आत्माको सहायता मागिदिऔं ।

६. सारा संसारभरि प्रभु येशूको नाउँको खातिर दुःख कष्ट, खेदो निन्दा र सतावट सहिरहनुभएका प्रभुका जनहरूको लागि प्रार्थना गरिदिऔं ।

७. नेपाली इसाई मण्डली साथै शाखा/आवद्ध मण्डलीहरू अझ आशिषित् भएर जानको लागि परमेश्वरबाटको विशेष् अगुवाइ मागौं ।

८. मिशनेरी भएर जानुभएकाहरूको परिवार, सेवकाइ र मण्डलीको लागि साथै विभिन्न देशहरूमा रहेर मण्डली तथा संगतिहरूमा सहायता पुऱ्याइराख्नुभएकाहरूको लागि प्रार्थना गरिदिऔं ।

९. विदेशमा रोजगार, अध्ययनको लागि जानुभएकाहरूले आफ्नो काम, पढाइको व्यस्तताको बीचमा प्रभुलाई नबिर्सिऊन् । उहाँहरूको सुरक्षा, पढाइ, काम र विभिन्न देशहरूमा जानुभएका नेपाली दाजुभाइ दिदीबहिनीहरू पनि कुनै न कुनै माध्यमहरूद्वारा ख्रीष्ट येशू प्रभुको सुसमाचार सुनेर विश्वास गर्न सकून् ।

१०. प्रभुको उपस्थिति र मण्डलीको अघि गरिएका समर्पणतामा हामी सबै परमेश्वरको महिमाको लागि इमान्दार र विश्वासयोग्य हुन सकौं ।

११. नेइमअन्तर्गतका मण्डलीहरूको निम्ति जग्गा किन्न र मण्डली भवन बनाउनका लागि समयमा नै रूपैया पैसा जुट्न सकून् भनी प्रार्थना गरौं ।

| | | | | | |
|---|---|---|---|---|---|
| **आइतबार** Sunday | १९ 4<br>देशका सबै मण्डलीका पाष्टर तथा अगुवाहरूको लागि पवित्र आत्माको अगुवाइ, बल, साहस मागिदिऔं ।<br>एफिसी ३:२० | २६ 11<br>सबै विश्वासीहरू वचनमा जरा गाडिएका, निर्माण भएका र विश्वासमा दह्रिला भएकाहरू हुन सकून् ।<br>कलस्सी २:६-७ | ३ 18<br>नेपाल देशका मानिसहरूले प्रभु येशू ख्रीष्ट सत्य र जीवित परमेश्वर हुनुहुन्छ भनेर जान्न र विश्वास गर्न सकून्।<br>यशैया ४५:२०-२५ | १० 25<br>सारा विश्वव्यापी मण्डलीहरूमा हुने ख्रीष्टमस सेवामा परमेश्वरको इच्छा पूरा भएको होस् । ती संगतिद्वारा परमेश्वरलाई नै महिमा मिलेको होस् ।<br>लूका २:८-१४ | १७ January 1<br>यो वर्ष अझ आशिषित् भएर जिउनका लागि आजदेखि नै दिनप्रति दिन विजयको पाइला अघि बढाउँदै जान सकौं ।<br>व्यवस्था ११:११-१२, यहोशू १:३-९ |
| **सोमबार** Monday | २० 5<br>देशको वर्तमान परिस्थितिको निम्ति प्रार्थना गरिदिऔं ।<br>भजनसंग्रह ३७:१-११, | २७ 12<br>सुमाचार प्रचार अझ बढेर फैलिएर गएको होस् जसको फलस्वरूप धेरै भन्दा धेरै मानिसहरू परमेश्वरको राज्यमा आउन सकून् ।<br>मर्कूस १६:१५-२० | ४ 19<br>ख्रीष्टमसको अवसरमा हुने सबै सेवा संगति तथा सुसमाचारी कार्यक्रमको निम्ति आशिष् मागिदिऔं ।<br>प्रेरित ५:२९-३९ | ११ 26<br>परमेश्वरको प्रेम चाखेर फेरि संसारमा फर्केर गएकाहरू साथै विभिन्न कारणले सेवा संगतिहरूमा आउन छोडेकाहरू परमेश्वरको प्रेम सम्झेर फर्कि आउन सकून् ।<br>मीका ७:१८-१९ | १८ 2<br>मण्डलीलाई परमेश्वरको इच्छाअनुसार पवित्र आत्माको अगुवाइमा अघि बढाउनको निम्ति गुरुजनहरूको लागि प्रार्थना गरिदिऔं ।<br>यर्मिया २९:११, ३३:३ |
| **मंगलबार** Tuesday | २१ 6<br>मण्डलीका सबै विश्वासीहरू सबै परिस्थितिहरूमा स्थिर र अटल रही परमेश्वरको वचनअनुसार जिउन पवित्र आत्माले नै सहायता गर्नुभएको होस् ।<br>भजनसंग्रह ११९:१०५, १३३ | २८ 13<br>मण्डलीका सबै विश्वासीहरू सधैं प्रार्थनामा जागा रहनेहरू हुन सकून् ।<br>१ थेसलोनिकी ५:१६-१८ | ५ 20<br>सारा संसारभरि मनाइने येशू प्रभुको जन्मोत्सवको सही अर्थ बुझेर ख्रीष्टमस मनाउन सकून् ।<br>रोमी १४:१७, कोरिन्थी १०:३१ | १२ 27<br>ख्रीष्ट प्रभुबाटको मुक्ति र सित्तैंको उद्धारको सुसमाचार सुन्नुभएकाहरू साथै सुनी ग्रहण गर्नुभएकाहरूको लागि प्रार्थना गरिदिऔं ।<br>एफिसी २:१२-२२ | १९ 3<br>बप्तिस्मा नलिएकाहरूले प्रभु येशू ख्रीष्टको भएर जिउनको लागि यस वर्ष अझ धेरैले बप्तिस्माको कदम उठाउन सकून् ।<br>२ कोरिन्थी ५:१५ |
| **बुधबार** Wednesday | २२ 7<br>नेइमका सबै अगुवाहरू आफ्नो झुण्डलाई प्रभुमा हुर्काउन, बढाउन, डोऱ्याउन र वास्ता गर्नको लागि पवित्र आत्माको सहायता मागिदिऔं ।<br>भजनसंग्रह ७८:७०-७२, | २९ 14<br>मण्डलीका सबै जवानहरूको लागि प्रार्थना गरिदिऔं ।<br>यर्मिया २९:११-१३ | ६ 21<br>सारा मानव जातिको उद्धारको लागि आउनुभएको येशू प्रभु उहाँ मुक्तिदाता मात्र होइन तर प्रभु पनि हुनुहुन्छ भनी सारा संसारले जान्न सकून् ।<br>लूका २:८-११ | १३ 28<br>बाल संगतिका सबै शिक्षक/शिक्षिकाहरूले बोझ र दर्शन लिएर बालबालिकाहरूलाई प्रभुमा डोऱ्याउन सकून् ।<br>भजनसंग्रह ७८:१-८ | २० 4<br>यस वर्ष अधुरो परिवारमा हुनुभएकाहरूले पनि येशू प्रभुलाई विश्वास गर्न सकून् साथै प्रभुबाट टाढा भएकाहरू पनि प्रभुमा फर्कि आउन सकून् ।<br>यशैया ५१:१-६, ११ |
| **बिहीबार** Thursday | २३ 8<br>प्रभुको नाउँको खातिर दु:ख, कष्ट, सतावट, खेदो, निन्दा सहिरहनुभएकाहरूको लागि प्रार्थना गरिदिऔं ।<br>२ कोरिन्थी १२:८-१० | ३० 15<br>खेदो सतावटको कारण मण्डली अझै बलियो हुँदै र परमेश्वरको राज्य अझ बढेर जानेछ भनी सबै विश्वासीहरू आँटिलो, साहसिलो हुन सकून्।<br>प्रेरित ८:१-८ | ७ 22<br>प्रत्येक शनिबारको सेवामा धेरै भन्दा धेरै मानिसहरूले ख्रीष्ट येशू प्रभुलाई साँचो हृदयले प्रभु अनि मुक्तिदाता भनी विश्वास गर्न सकून् ।<br>२ कोरिन्थी ६:१-२, तीतस २:११ | १४ 29<br>मण्डलीका पाको उमेरका सबै वृद्ध/वृद्धाहरूको लागि प्रार्थना गरिदिऔं ।<br>यशैया ४६:३-४ | २१ 5<br>मण्डलीका कुनै पनि परिवारमा पारिवारिक वेदी कहिले पनि सेलाएर नगएको होस् ।<br>यहोशू २२:१९ |
| **शुक्रबार** Friday | २४ 9<br>आराधना सेवामा सेवा सञ्चालन, वचन प्रचार, स्तुति प्रशंसा र सुमाचार प्रचार गर्नुहुने साथै मण्डली परिवारको लागि प्रार्थना गरिदिऔं ।<br>१ कोरिन्थी १४:२६, १ पत्रुस ४:११ | १ पौष 16<br>परमेश्वरको वचनको भोक, तृष्णा हामी सबैमा जागेको होस् जसको फलस्वरूप हामी वचनमा आधारित जीवनमा जिउन सकौं ।<br>मत्ती ४:४, २ तिमोथी ३:१५-१६ | ८ 23<br>ख्रीष्टमसको समयमा प्रचारिएको सुसमाचार असल जमीनमा परेको होस् भनी प्रार्थना गरिदिऔं ।<br>मत्ती १३:२-८ | १५ 30<br>यो वर्षभरि परमप्रभु परमेश्वरले दिनुभएका आशिष्को लागि धन्यवाद चढाऔं ।<br>भजनसंग्रह २३:१-६ | २२ 6<br>यो वर्ष अझ आशिष्मा डोऱ्याउनुहुने साथै आशिष्को कारण बनाउनुहुने परमप्रभु परमेश्वर पितालाई सबै आदर, भक्ति र महिमा चढाइरहन सकून् ।<br>भजनसंग्रह १४७:१-२० |
| **शनिबार** Saturday | २५ 10<br>परमेश्वरप्रतिको प्रेममा धन्यवादी भई आफ्नो कमाइ, व्यवसाय तथा खेतीपातीको दशांश साथै अन्य भेटी चढाउने काममा सधैं मण्डली परिवार इमान्दार भइरहन सकौं ।<br>२ कोरिन्थी ९:६-१३ | २ 17<br>परमेश्वरले हामीप्रति गर्नुभएको महान प्रेम, अनुग्रह, दया र कृपाको लागि धन्यवाद प्रशंसा चढाऔं ।<br>भजनसंग्रह १०५:१-१५ | ९ 24<br>देशभरको मण्डलीहरूमा भोलि हुने ख्रीष्टमस सेवा आशिषमय भएको होस् भनी प्रार्थना गरिदिऔं ।<br>यशैया ९:१-७ | १६ 31<br>मण्डलीका विश्वासीहरू वचन सुन्ने मात्र होइन तर वचन पालन गर्नेहरू हुन सकून् ।<br>भजनसंग्रह १९:७-११ | २३ 7<br>यो वर्ष पनि परमेश्वरले देखाउनुभएको योजनाहरू पूरा गर्दै जान पवित्र आत्माको अगुवाइ मागिदिऔं ।<br>यूहन्ना १६:१३-१४ |

**"किनभने परमेश्वरले संसारलाई यस्तो प्रेम गर्नुभयो, कि उहाले आफ्‍ना एक मात्र पुत्र दिनुभयो, ताकि उहामाथि विश्वास गर्ने कोही पनि नाश नहोस् तर त्यसले अनन्त जीवन पाओस् । किनकि परमेश्वरले संसारलाई दोषी ठहराउन भनी पुत्रलाई संसारमा पठाउनुभएन, तर संसार उहाद्वारा बाचोस् भनेर पठाउनुभयो ।**

**यूहन्ना ३:१६-१७**


प्रकाशकः नेइम ज्ञानेश्वर चर्च, पो.ब. ११३१, काठमाडौं, नेपाल फोन नं: ४४१४४८९/४४१२१७२, फ्याक्स नं. ४४११०१४ Email:info@nim.org.np,